प्रतिदिन १८ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**सहिद्प्रति सम्मान गरौं**

- सहिद राष्ट्रिय गौरव हुन् ।
- सहिदको बलिदान र योगदानको स्मरण गरौं ।
- सहिद्प्रति सम्मान र समर्पण व्यक्त गरौं ।
- सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं ।
- देश प्रेम र एकताको भावना जागृत गराऔं ।
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं ।
- सहिदको सपना साकार गरौं, देश विकासमा सबै नेपाली जुटौं ।

नेपाल सरकार विज्ञापन बोर्ड


वर्ष-१८ ।। अङ्क : ००३ ॥ २०८२ माघ १९ गते सोमबार (2nd Jan 2026 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-

# झापा ५ र ३ मा एमाले र राप्रपालाई मत जोगाउन कठिन

झापा, माघ १७ । घरि झापा ३ मा एमालेका उम्मेदवार हरिबहादुर राजवंशीले उम्मेदवारी फिर्ता लिएको हल्ला चल्छ , घरि दमकका मेयर राम थापाले झापा ५ मा एमालेलाई सघाउने अपवाह फैलिन्छ । यस्ता गतिविधिका कारण यस पटक चुनावी तालमेल नगरेर एक्लाएक्लै उम्मेदवारी दिएपनि एमाले र राप्रपालाई आ-आफ्नो मत जोगाउन कठिन देखिएको छ ।

लगातार १२ वर्षसम्म चुनावी तालमेल गर्दाको परिणाम अहिले दुवै पार्टीले भोगिरहेका छन् । हिजो तालमेलको सम्बन्ध बनाएका ती दुई दलबीच अहिले सम्बन्ध विच्छेद भएपनि पूर्व प्रेमीले जस्तै एकअर्कामाथि दावी गर्न छोडेका छैनन् ।

राप्रपाबाट दमक नगरपालिकाको मेयर जितेका राम थापाले एमाले अध्यक्ष केपी ओलीलाई सघाउने केही दिनअघि हल्ला चलाइयो । त्यसलाई चिर्न उनले विज्ञप्ति नै जारी गर्नु पर्‍यो ।"नेकपा एमाले झापा ५ प्रचार प्रसार समिति दमक र कमल "नामको फेसबुक आइडीबाट मेरो नाम जोडेर गरेको दुष्प्रचारप्रति मेरो गम्भीर खेद प्रकट छ। मेरो आफ्नै पार्टी, चुनावचिन्ह र उम्मेदवार लक्ष्मीप्रसाद संग्रौला भएको कुरा सबै दाजुभाइ दिदीबहिनीहरूमा जानकारी गराउँदछु " उनले स्पष्ट पारेका छन् ।




त्यस्तै राप्रपा अध्यक्ष तथा झापा ३ का उम्मेदवार राजेन्द्र लिङ्देनले सामाजिक संजालमार्फत एउटा सानो झुण्ड झापा ५ र ३ मा राप्रपाले एमालेसँग गठबन्धन गरेको छ भनेर सुनियोजित रुपमा प्रचारमा उत्रेर भ्रम सिर्जना गर्ने कोसिस गरिरहेको बताएका छन् । उनले निर्वाचन आचारसंहिता र साइबर कानुनको उल्लंघन नगर्न आग्रह गर्दै सामाजिक सञ्जालमा यस प्रकारको भ्रमपूर्ण सन्देश लेख्ने र कमेन्ट गर्ने सबैलाई निर्वाचन आयोग र प्रहरीमा उजुरी गर्ने तयारी भइरहेको चेतावनी दिएका छन् ।

झापा ५ मा यसपटक राप्रपाले आफ्नै उम्मेदवार लक्ष्मीप्रसाद संग्रौलालाई उठाएको छ भने एमालेले झापा ३ मा हरिबहादुर राजवंशीलाई उम्मेदवार बनाएको छ । संग्रौला र राजवंशी 'डमी' उम्मेदवार मात्र भएको दावी गरिएको छ । चुनावी तालमेल नहुँदासमेत एमाले अध्यक्ष केपी ओली र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनबीच भित्री रुपमा 'भोटको सौदावाजी' हुनसक्ने शंका निवारण हुन सकेको छैन । जसका कारण दुवै पार्टीको मत बिग्रिन सक्ने देखिएको हो ।

यसपटक पनि झापा ५ र ३ मा ओली र लिङ्देनले जित हासिल गर्न अरुसंग तालमेल गर्नैपर्ने अबस्था रहेको विश्लेषण गरिएको छ । उनीहरुले २०७४ र २०७९ मा तालमेल गरेरै निर्वाचन जितेका थिए । दुवै जनाबीचको साँठगाठप्रति दुवै दलका कार्यकर्ता रुष्ट बनेका थिए ।

झापा ३ मा उम्मेदवारी दिएका एमालेका हरिबहादुर राजवंशीका बारेमा धेरै जिज्ञासा राख्ने गरिएको एमालेका क्षेत्र नं ३ का क्षेत्रीय सचिव नरेश चुडालले बताए । उनले आफूहरु राजवंशीलाई जिताउने गरी चुनावी कार्यक्रममा लागिपरेको जानकारी दिए ।

# भद्रपुरमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

झापा, माघ १८ । झापाको भद्रपुरमा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा भद्रपुर नगरपालिका २ निवासी ६४ वर्षीय कुलप्रसाद खरेल रहेका छन् । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार आइतवार साँझ ६:२० बजे मेची राजमार्गअन्तर्गत भद्रपुर- बनियानी सडकखण्डको भद्रपुर-२ स्थित सगरमाथा चोकमा बनियानीबाट भद्रपुरतर्फ आइरहेको मे ७ प २०३४ नम्बरको मोटरसाइकलले पैदलयात्री खरेललाई ठक्कर दिएको थियो । दुर्घटनामा परी घाइते भएका खरेललाई उपचारको लागि ओमसाई पाथीभरा अस्पताल पुऱ्याउँदा डाक्टरले मृत घोषणा गरेका थिए । त्यस्तै दुर्घटनामा मोटरसाइकल चालक भद्रपुर-६ निवासी २१ वर्षीय अनुराग घोषको अनुहारमा चोट लागेकोले गम्भीर अवस्थामा प्रादेशिक अस्पताल भद्रपुरमा पुऱ्याएको र त्यहाँ सामान्य उपचारपश्चात् थप उपचारको लागि ओमसाई पाथीभरा अस्पताल भद्रपुर रेफर गरिएको प्रहरीले जनाएको छ ।मोटरसाइकलको पछाडि सवार भद्रपुर-६ निवासी २१ वर्षीय मन्दिप दंगालको अवस्था सामान्य रहेको छ । मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको जनाइएको छ ।

# निर्वाचनले आर्थिक गतिविधि चलायमान

• **लक्ष्मी उप्रेती**

मेचीनगर। केही दिन अघिदेखि सुस्ताएको आर्थिक गतिविधि प्रतिनिधि सभा सदस्य निर्वाचनले केही चलायमान बनाएको छ । फागुन २१ गते हुन गइरहेको निर्वाचनमा सरकारदेखि उम्मेदवारसम्मले गरेको खर्चले गर्दा आर्थिक क्षेत्र चलायमान हुन थालेको हो। प्रतिनिधि सभाको निर्वाचनले थोरै भएपनि आर्थिक गतिविधि बढाउन थालेको व्यवसायीहरुले बताएका छन् । निर्वाचन प्रचारप्रसारदेखि मतपत्रको छपाइ, माइक तथा साउन्ड सिस्टम, पेट्रोलियम पदार्थ, होटल, रेस्टुरेन्ट, सवारी साधन लगायतको कारोबार बढेको सम्बन्धित व्यवसायीहरुको भनाई छ। खासगरी निर्वाचनका बखत कपडा, सवारी साधन, साउण्डसिस्टम, छापाखानामा बढी रकम खर्च गर्ने हुने बताइएको छ । उम्मेदवारले पनि कार्यकर्ता परिचालनमा अर्बौं रूपैयाँ खर्च गर्दछन् ।

निर्वाचनका विभिन्न गतिविधिले आर्थिक क्रियाकलाप चलायनमान बनाउँदा अर्थतन्त्रमा पनि टेवा पुग्ने अर्थशास्त्र विषयका प्राध्यापक धर्मानन्द खनालले बताए । निर्वाचनका क्रममा हुने खानपिनले कृषिजन्य वस्तु, मासु र मदिराको कारोबार बढ्न थालेको बताइएको छ ।

निर्वाचन नजिकिँदै गर्दा बजारमा पेट्रोलियम पदार्थको खपत बढेको छ । निर्वाचनका कारण सवारी गतिविधि बढ्दा पेट्रोल र डिजेलको माग वृद्धि हुने मेची पेट्रोलियम डिलर्स एशोसिएसनले जनाएको छ । निर्वाचन अवधिमा सवारी आवागमन, प्रचार-प्रसार तथा प्रशासनिक गतिविधि बढ्ने भएकाले इन्धन खपत ह्वात्तै बढ्ने गर्दछ । आगामी फागुन २१ गते हुने निर्वाचन लक्षित गरी पेट्रोलियम पदार्थको जोहो शुरु भएको छ । चुनावका बेला अभाव हुन नदिने गरि पेट्रोल पम्पहरुले पनि यसको तयारी थालेका छन् ।

यसपटक भने, निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सकेसम्म नेपालमै उत्पादित सामग्री प्रयोगको नीति लिएको छ । निर्वाचनलाई मितव्ययी, पारदर्शी बनाउन र स्थानीय सामग्रीको प्रयोग तथा प्रोत्साहनका लागि आयोगले सकेसम्म नेपालमै उत्पादित सामग्री प्रयोगको नीति लिएको आयोगले जनाएको छ ।

आगामी निर्वाचनका लागि उम्मेदवारीको मनोनयनपत्र दर्ता, दाबी विरोध र निर्वाचन चिह्न प्रदानको कार्यक्रम सम्पन्न भइसकेको छ ।

# बिर्तामोडमा स्थापना भयो 'प्रगतिशिल समाज'



झापा, माघ १८ । नाफारहित सामाजिक कार्य गर्ने उद्धेश्यले झापाको बिर्तामोड ८ देउनियामा 'प्रगतिशिल समाज' नामक संस्था स्थापना भएको छ । समाजलाई सकारात्मक सोचले अघि बढाउने उद्धेश्यका साथ स्थानीय स्वायत्त ऐनअन्तर्गत बिर्तामोड नगरपालिकामा बिधिबत दर्तापश्चात् आइतवार प्रगतिशिल समाज नाम संस्था उद्‌घाटन गरिएको हो। प्रमुख अतिथि वडा नं ८ का वयोवृद्धा ९३ बर्षीया जेष्ठ सदस्य सत्यादेबी कर्ण कायस्थबाट संस्था उद्‌घाटन गरिएको हो । त्यस्तै अतिथिहरुमा पूर्व गैरसरकारी संस्था महासंघका पूर्व अध्यक्ष एवं सामाजिक ब्यक्तित्व हरिप्रसाद गौतम, समाजसेवी डम्बरप्रसाद तिम्सिना, बिर्तामोड नगरपालिकाका वरिष्ठ अधिकृत जय तिम्सिना,जेष्ठ सदस्य देवदत्त दाहाल , सामाजिक ब्यक्तित्व बिजय तिम्सिनालगायतले सस्थाको उतरोत्तर प्रगतिको कामना गर्दै आफूहरुको पूर्ण साथ ,सहयोग र समर्थन रहने प्रतिवद्धता जनाएका थिए ।

उद्‌घाटनकै दिन १२ जनाभन्दा बढीले आजीबन सदस्यता लिएका छन् भने सयौंले सदस्यता लिने अभिरुचि देखाएको संस्थाका सचिव अनिल गौतमले बताए । रनकेशर चालिसे( बबी) अध्यक्ष रहेको सो संस्थाको उपाध्यक्षमा योगेन्द्र पोखरेल ,सचिव अनिल गौतम , कोषाध्यक्ष कुसुम घिमिरे तथा सदस्यहरुमा मनोज दाहाल, लुना भट्टराई र भरत अधिकारी रहेका छन् । सयभन्दा बढीको सहभागिता रहेको उद्‌घाटन कार्यक्रमको संचालन सचिव अनिल गौतमले गरेका थिए । समाजमा रहेका विभिन्न खाले विकृति विसंगति हटाउँदै रचनात्मक कार्यहरु गर्ने उद्धेश्य राखेर सो सामाजिक संस्था स्थापना गरिएको उनले जानकारी दिएका छन् ।

# कार्कीको घरको वरन्डामा मानिस मृत फेला

झापा, माघ १८ । झापाको चारआलीमा एकजना मानिस मृत फेला परेका छन् ।

शनिवार राति मेचीनगर १३ चारआली बस्ने जीवन कार्कीको घरको वरन्डामा पाँचथर फिदिम ४ घर भई विगत ९-१० बर्षदेखि चारआली क्षेत्रमा मागी खाइहिड्ने ३८ वर्षीय तपस नेपाली मृत फेला परेका हुन् ।

इलाका प्रहरी कार्यालय धुलाबारीबाट प्रहरी निरीक्षक नकुलराज गौतमको कमाण्डमा टोली खटिएर कानुनी प्रकृया पुरा गरी शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको छ । मृतकका आफन्तलाई जानकारी गराइएको प्रहरीले जनाएको छ ।

# वर्षा गराउने प्रणाली फेरि सक्रिय हुँदै

काठमाडौँ । फेरि पश्चिमी न्यून चापीय प्रणाली केही बलियो बनेर मौसम बदली गराउन लागेको छ। गत मङ्गलबार र बुधबार मौसम बदली भई वर्षा र हिमपातले कोशी तथा मधेसबाहेकका क्षेत्रको जनजीवन प्रभावित भएर खुलेको मौसम एक हप्ता नबित्दै पुनः वर्षा गराउने प्रणाली सक्रिय हुन लागेको हो।

आइतबारदेखि नै सुदूरपश्चिम क्षेत्रमा हल्का असर देखिन थालेको छ। उक्त प्रणाली सोमबार केही बढेर पश्चिमी क्षेत्रको उच्च हिमाली तथा पहाडी क्षेत्रमा फैलिँदै जाने तथा मङ्गलबार भने मध्य नेपालसम्म फैलिने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जीव अधिकारीले जानकारी दिए। तर ती क्षेत्रमा पूर्ण बादल लाग्ने छ भने बाँकी क्षेत्रमा पनि आंशिक बादल लागेर चिसो बढ्ने छ।

अघिल्लो बुधबारको जतिको बलियो प्रणाली नभए पनि पश्चिम नेपाल चिसो भइसकेको र हिउँ परिरहेको अवस्थामा अबको प्रणालीले पनि मध्यमसम्म वर्षा तथा हिमपात गराउने मौसमविद् अधिकारीले बताए।

उनले भने, "प्रणालीले मध्य नेपालभन्दा पश्चिममा बढी असर गर्ने देखिन्छ, आइतवार पनि कर्णाली र सुदूरपश्चिमका विभिन्न क्षेत्रमा बदली भएको छ, त्यो बदली बढ्छ। मङ्गलबार मध्य नेपालभन्दा पश्चिममा बदली भएर वर्षा र हिमपात बढाउँछ।"

मौसमविद् अधिकारीका अनुसार यसपालि पश्चिमबाट मध्य नेपालसम्म असर गर्ने छ। उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात र अन्य क्षेत्रमा हल्कादेखि मध्यमसम्म वर्षा गराउने छ। कोशी, बागमतीको माथिल्लो भेगमा पनि असर गर्न सक्ने तर तल्लो भाग र तराई क्षेत्रका साथै मधेस प्रदेशमा भने असर न्यून रहने उनले बताए। काठमाडौँमा मङ्गलबार राति छिटपुटसम्म वर्षा हुन सक्ने छ।

सोमबार तराई भू-भागका केही स्थानमा हुस्सु/कुहिरो रहने तथा देशका हिमाली भू-भागमा साधारणतया बादल लाग्ने छ। बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ। देशका हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ।

सोमबार राति तराई भू-भागका थोरै स्थानमा हुस्सु रहने तथा गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत हिमाली भू-भागमा साधारणतया बादल लाग्ने छ र बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ। गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको छ।

मङ्गलबार दिउँसो देशका हिमाली तथा पहाडी भू-भागमा साधारणतया बादल लाग्ने छ र बाँकी भू-भागमा आंशिक बादल लाग्ने महाशाखाले जनाएको छ। गण्डकी, कर्णाली र सुदूरपश्चि प्रदेशका पहाडी तथा हिमाली भू-भागका केही स्थानमा मध्यम हिमपात/वर्षा तथा बाँकी हिमाली भू-भागका केही स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना छ। सुदूरपश्चिम प्रदेशका बाँकी भू-भागका थोरै स्थानमा तथा गण्डकी र लुम्बिनी प्रदेशका बाँकी भू-भाग तथा कोशी र बागमती प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। राति देशका हिमाली भू-भागमा साधारणतया बादल लाग्ने छ र बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ। गण्डकी, कर्णाली र सुदूरपश्चि प्रदेशका पहाडी तथा हिमाली भू-भागका केही स्थानमा मध्यम हिमपात/वर्षा तथा बाँकी हिमाली भू-भागका केही स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको छ। सुदूरपश्चिम, गण्डकी र लुम्बिनी प्रदेशका बाँकी भू-भाग तथा कोशी र बागमती प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ।

# अलपत्र सामुदायिक भवनसहितको संग्रहालयलाई पूर्णता दिन पुराण

मेचीनगर, माघ १८ । निर्माणाधीन अवस्थामा अलपत्र परेको सामुदायिक भवनसहितको कृषि संग्रहालयलाई पूर्णता दिने उद्देश्यले निन्दा कृषि सहकारी संस्थाले मेचीनगर १० मा महायज्ञ शुरु गरेको छ । आर्थिक अभावका कारण अलपत्र परेको सामुदायिक भवनसहितको ग्रामीण कृषि संग्रहालयलाई पूर्णता दिन श्रीमद् भागवत महापुराण धन-धान्याचल सप्ताह धार्मिक ज्ञान महायज्ञको आयोजना गरिएको हो ।

सो भवन सरस्वती टोलमा रहेको छ । त्यहाँ व्यवस्थापनमा समस्या आएपछि देवी टोलमा महायज्ञको आयोजना गरिएको संस्थाका अध्यक्ष प्रकाश खड्काले जानकारी दिए । माघ १७ गते शनिबार औपचारिक रुपमा पुराणको प्रारम्भ गरिएको छ । उद्‌घाटनको दिन कलश यात्रा गरिएको थियो । पुराणस्थलबाट निन्दा नदीसम्म र नदीको पानी लिएर महायज्ञस्थलसम्म पुऱ्याइएको थियो ।

सामुदायिक भवनसहित कृषि संग्रहालय बनाउने उद्देश्यले स्थानीय सरस्वती टोलका अनिल पौडेलले २०७७ सालमा करिव २५ लाख मूल्य पर्ने १ कठ्ठा जग्गा संस्थालाई प्रदान गरेका थिए । पछि भवन निर्माणका लागि बाटो अभाव हुँदा डेढ कठ्ठा जमिन दिएर एकलौटी बाटो निर्माण गरिदिएका थिए ।

सामुदायिक भवन निर्माणसहित ग्रामीण कृषि संग्रहालय निर्माण गर्न समुदाय नै लागेपनि मेचीनगर नगरपालिकाले ३ लाख २५ हजार रुपैयाँ बजेट दिएपछि भवन निर्माण सुरु भएको थियो । निर्माणाधीन अवस्थामै रकम अभाव भएपछि निन्दा कृषि सहकारी



पूर्ण भने हुन पाएको थिएन । समन्वयकै आधारमा तत्कालीन सांसद राम कार्कीले संघीय सरकारबाट सात लाख रुपैयाँ उपलब्ध गराएका थिए । त्यसैगरी प्रदेश सरकारका सांसद श्री मैनालीले ५ लाख, संस्था र सदस्यहरुबाट संकलित ४ लाख रकम समेत सो भवन निर्माणमा लगाइएको थियो । त्यसपछि कोभिड महामारीका कारण निर्माण कार्य रोकिएको थियो । निर्माणाधीन अवस्थामै अलपत्र परेको संरचनालाई पूर्णता दिन महायज्ञको आयोजना गरिएको जग्गादाता पौडेलले जानकारी दिए ।

कलश यात्रापछि आयोजित कार्यक्रममा मेचीनगर ९ का पूर्व वडाध्यक्ष गोपाल खड्काले सामुदायिक भवन र कृषि संग्रहालय स्थापना गर्ने महान उद्देश्य राखेर आयोजना गरिएको महायज्ञलाई सबैले सहयोग गर्न आग्रह गरेका छन् । आफूले पनि सक्ने सहयोग गर्ने खड्काले बचन दिएका छन् ।

माघ १७ देखि २५ गतेसम्म आयोजना हुने उक्त पुराणबाट भवन निर्माणका लागि १५ लाखबढी आर्थिक सहयोग संकलन हुने अपेक्षा गरिएको आयोजकको भनाई छ । महायज्ञमा प्रमुख कथावाचक पण्डित खगेन्द्रप्रसाद अधिकारी रहेका छन् ।

प्रकाश खड्काको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा पुराण व्यवस्थापनका लागि १ सय १ सदस्यीय मूल समिति तथा तीन वटा उपसमिति बनाइएको जानकारी गराइएको थियो । उपसमितिअन्तर्गत जग्गादाता अनिल पौडेलको संयोजकत्वमा आर्थिक समिति बनाइएको छ । त्यस्तै शिवशंकर शाहको संयोजकत्वमा प्रचारप्रसार समिति र विनोद कट्वालको संयोजकत्वमा यज्ञ तथा पण्डाल व्यवस्थापन समिति निर्माण गरिएको छ ।

# झापा ४ मा कांग्रेसको मूल प्रचार-प्रसार समिति गठन

कनकाई, माघ १७ । झापा निर्वाचन क्षेत्र नं. ४ मा नेपाली कांग्रेसका उम्मेदवार देउकुमार थेवेको विजय सुनिश्चित गर्ने उद्देश्यले क्षेत्रीय भेलाबाट विभिन्न समिति गठन गरिएको छ । क्षेत्रीय सभापति जयनारायण साहको संयोजकत्वमा ५ हजार ५५५ मूल प्रचार-प्रसार समिति गठन गरिएको छ । साथै, अनुशासन, अनुगमन तथा निर्देशन समिति पनि साहकै संयोजकत्वमा गठन गरिएको छ । उक्त समितिमा झापा ४ का प्रदेश सभापति, नगर सभापति तथा क्षेत्रीय सचिव सदस्यको रूपमा रहने व्यवस्था गरिएको छ ।

यसैगरी, प्रचार-प्रसार सुपरिवेक्षण समिति पार्टीका महासमिति सदस्य भक्तिप्रसाद सिटौलाको संयोजकत्वमा गठन गरिएको छ । सो समितिमा झापा ४ का महासमिति सदस्य तथा महाधिवेशन प्रतिनिधिहरू र पार्टीका जिल्ला पदाधिकारीहरु रहेने निर्णय गरिएको पार्टीका क्षेत्रीय सभापति शाहले बताएका छन् ।

किसान परिचालन समिति संघका नेता रतन थिङ्लाबोको संयोजकत्वमा गठन गरिएको छ । समितिका सदस्यहरूमा जीतबहादुर खड्का, अर्जुन राई, नारायणप्रसाद दाहाल र अमृतबहादुर कटुवाल रहेका छन् ।

निर्वाचनलाई थप प्रभावकारी बनाउन तथा क्षेत्र नं. ४ का समस्याहरू पहिचान गरी समाधानका उपाय तय गर्ने उद्देश्यले घोषणापत्र लेखन समिति गठन गरिएको छ ।

समितिको संयोजकमा कांग्रेसका अग्रज नेता ज्ञानेन्द्रबहादुर न्यौपाने, सह-संयोजकमा नारायणप्रसाद बजगाईं रहेका छन् । सदस्यहरूमा दीपक गिरी, पदम रिमाल, पदमबहादुर थापा, शिव कँडेल, एलपी उप्रेती, मिलन ढुंगाना, दिनेश राजबंशी, कुमारमणी पोखेल, नेत्र पौडेल र कृष्णकला कोइराला लगायत रहेका छन् ।

निर्वाचन क्षेत्रका जनप्रतिनिधि परिचालन समिति कनकाई नगरपालिकाका उपप्रमुख आशा शिवाकोटीको संयोजकत्वमा गठन गरिएको छ । सदस्यहरूमा झापा गाउँपालिकाकी उपाध्यक्ष अञ्जु थपलिया, क्षेत्र नं. ४ का सम्पूर्ण निर्वाचित वडा अध्यक्षहरू तथा सदस्य सचिवमा सचिव मनोज खुलाल रहेका छन् ।

त्यसैगरी, सामाजिक सञ्जाल, सूचना तथा सञ्चार (आईटी) समिति कांग्रेस नेता तथा महाधिवेशन प्रतिनिधि पर्शुराम ढुंगानाको संयोजकत्वमा गठन गरिएको छ । सदस्यहरूमा मनोज बस्नेत र जगन कार्की रहेका छन् ।

तरुण तथा युवा परिचालन समिति तरुण दलका केन्द्रीय सदस्यद्वय नेत्र पौडेल र राजेन्द्र उप्रेतीको संयोजन रहने गरि समिति गठन गरिएको छ ।

यसैगरी, विद्यार्थी तथा स्ववियू परिचालन समितिमा नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य भुवन बुढाथोकीको संयोजकत्वमा समिति गठन गरिएको छ । सदस्यहरूमा नेविसंघ केन्द्रीय सदस्य सौरभ सिटौला, दमक बहुमुखी क्याम्पसका स्ववियु सभापति भुवन बस्नेत र कनकाई बहुमुखी क्याम्पसका स्ववियु सभापति बासुदेव निरौला चयन भएका छन् ।

यस्तै महिला परिचालन समितिमा नेपाल महिला संघ झापा ४ की क्षेत्रीय सभापति पुष्पा प्रसाईंको संयोजकत्वमा नेपाल महिला संघ जिल्ला समिति सदस्य सीता बाँस्कोटा तथा कनकाई नगरकी महिला संघकी सभापति रेणुका मैनाली सो समितिमा रहेका छन् ।

आदिवासी जनजाति परिचालन समितिको संयोजकमा अम्मरसिंह आङदम्बे चयन भएका छन् । सो समितिको सदस्यहरूमा धनबहादुर राई, नरेन्द्र आङ्दम्बे, अग्नि राई, अधिकचन ताजपुरिया , राजेश श्रेष्ठ , सुन्दर बेम्ना, बाबुलाल मर्डीलगायत रहेका छन् ।

त्यसैगरी, बुद्धिजीवी अगुवा परिचालन समन्वय समिति गठन गरिएको छ । सो समितिको संयोजकमा उमानाथ दाहाल तथा सदस्यहरुमा जगन्नाथ राजवंशी, युवराज उप्रेती, देवी राजवंशी, प्रेमप्रसाद चुडाल, अमुतवहादुर कार्की र दीपक न्यौपाने रहेको नेपाली कांग्रेस चुनाव परिचालन समितिले जनाएको छ ।

# उज्यालो नेपालका उम्मेदवार बेघाले बढाए चुनावी सक्रियता

झापा, माघ १८ । आगामी फागुन २१ मा हुन लागेको प्रतिनिधि सभा निर्वाचन लागि उज्यालो नेपाल पार्टीले बिर्तामोडमा सम्पर्क कार्यालय स्थापना गरेको छ।

झापा बिर्तामोड ५ स्थित बीएण्डसी हस्पिटलको अगाडिपट्टि उज्यालो नेपाल पार्टी झापा क्षेत्र नम्बर २ को सम्पर्क कार्यालय स्थापना गरिएको हो। झापा क्षेत्र नम्बर २ का प्रत्यक्ष उम्मेदवार क्याप्टेन सीके( चुडा कर्ण) बेघा र उज्यालो नेपाल पार्टी प्रदेश नं १ का अध्यक्ष बिराज आङ्देम्बे लिम्बूले संयुक्तरुपमा कार्यालय उद्धाटन गरेका हुन्।

नेपाल विद्युत प्राधिकरणका पूर्व कार्यकारी प्रमुख तथा निवर्तमान ऊर्जा मन्त्री कुलमान घिसिङको अध्यक्षतामा रहेको उज्यालो नेपाल पार्टीले आसन्न निर्वाचनका लागि देशैभरिबाट प्रत्यक्ष र समानुपातिक उम्मेदवार उठाएको छ। यसक्रममा उज्यालो नेपाल पार्टीले झापाका चारवटा निर्वाचन क्षेत्रमा



आफ्ना प्रत्यक्ष उम्मेदवार अघि सारेको छ । झापा १ मा नरेश लावती , ३ मा श्यामकृष्ण पाठक र ४ मा इन्जिनियर सन्तोष तामाङ उम्मेदवार बनेका छन् । झापा ५ मा भने उज्यालो नेपालले राष्ट्रिय परिवर्तन पार्टीलाई सघाउने भएको छ । त्यस क्षेत्रमा परिवर्तन पार्टीबाट सविन राईले उम्मेदवारी दिएका छन् ।

आगामी निर्वाचनमा परिणाममुखी नतिजा ल्याउनका लागि उज्यालो नेपाल पार्टीले चुनावी कार्यक्रमलाई अगाडि बढाउन क्षेत्र नम्बर २ को सम्पर्क कार्यालय स्थापना गरेको जनाएको छ ।

सम्पर्क कार्यालय उद्घाटनपछि कार्यकर्तालाई सम्बोधन गर्दै झापा क्षेत्र नम्बर २ का प्रत्यक्ष तर्फका उम्मेदवार बेघाले समृद्धि, सुशासन र दिगो विकासका लागि आफ्नो उम्मेदवारी भएको बताएका छन्।

कार्यालय उद्धाटनपछि झापा २ मा कार्यकर्ता भेटघाट तथा चुनावी कार्यक्रमलाई अघि बढाइएको उम्मेदवार बेघाले बताए ।

झापा २ का सम्पूर्ण मतदाताहरुलाई आग्रह गर्दै उम्मेदवार बेघाले आसन्न निर्वाचनमा उज्यालो नेपाल पार्टीको चुनाव चिन्ह चिममा मतदान गरी आफूलाई अत्यधिक बहुमतले विजयी गराउन अनुरोधसमेत गरेका छन्।

बेघालाई जिताउन बुद्धिमान खोयाङको संयोजकत्वमा २५१ सदस्यीय निर्वाचन परिचालन समिति गठन गरिएको छ।

फागुन ४ गतेबाट झापा क्षेत्र नम्बर २ का सम्पूर्ण स्थानमा कार्यकर्ता भेला तथा चुनावी कार्यक्रम गर्ने उज्यालो नेपाल पार्टीले जनाएको छ ।

को हुन् उम्मेदवार बेघा ?

पाँचथरको याङवरक १ च्याङथापु पूर्वथलो रहेका बेघाको हालको बसोबास बिर्तामोड ५ किरात चोकमा रहेको छ ।

३२ वर्ष भारतीय गोर्खा पल्टनमा सेवारत क्याप्टेन बेघा डेढ वर्षअघि सेवा निवृत भएका हुन् । उज्यालो नेपाल पार्टीका प्रदेश सदस्य बेघाको यो पहिलो राजनीतिक अनुभव हो ।

त्यसो त उनी सामाजिक क्षेत्रमा निकै समय अगाडिबाट क्रियाशील छन् । आदिवासी जनजाति महासंघ नगर समन्वय परिषद बिर्तामोड , किरात याक्थुङ चुम्लुङ , बेघा सयं थुवोजुङलगायतका संघ संस्थामा उनी आवद्ध रहेका छन् । तीनवटा विषयमा स्नातक गरेका बेघा नेपालको राजनीतिमा परिवर्तन चाहन्छन् ।

# तपसिलमा उल्लेखित ऋणीको धितो रहेकोचल/ अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पन्ध्र) १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

**प्रकाशित मिति : २०८२/१०/१९**

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्याद भित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउने तर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुलउपर गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरि लिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको १६औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे केन्द्रीय कार्यालय, कर्जा असुली विभाग बिर्तामोडमा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमूकदाचित सो धितोबाट कर्जा असुल उपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बांकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानून बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| | | | |
|---|---|---|---|
| **शाखा कार्यालयः बिर्तामोड** | | **कर्जा शिर्षक : सवारी साधन कर्जा** | |
| **ऋणी, संस्थागत जमानतकर्ता तथा व्यक्तिगत जमानतकर्ताको विवरण** | | | |
| **ऋणीः** कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा मिति २०७७/०८/१५ मा द.नं. २४८५५१/०७७/०७८ अन्तरगत रजिष्ट्रड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ३, भई हाल सोही स्थानमा स्थित बुलेट बस प्रा.लि । | | | |
| **धितो सूरक्षणको विवरणः** एक्सेल डेभलपमेन्ट बैंक लि.को नाममा दर्ता कायम रहेको तपशिल बमोजिमका बसहरु ।<br>१. प्रदेश १-०१-००१ ख ३७६० को इ.सं.२०२० मा बनेको इन्जिन नम्बर KLHZ413718, चेसिस नम्बर MB1PBEFD8LAKL1249 भएको Ashokleyland बस ।<br>२. प्रदेश १-०१-००१ ख ३७६३ को इ.सं. २०२० मा बनेको इन्जिन नम्बर KLHZ413716, चेसिस नम्बर MB1PBEFD4LAKL1250 भएको Ashokleyland बस ।<br>३. प्रदेश १-०१-००१ ख ३७६४ को इ.सं. २०२० मा बनेको इन्जिन नम्बर KXHZ412016, चेसिस नम्बर MB1PBEFD5KALL1212 भएको Ashokleyland बस ।<br>४. प्रदेश १-०१-००१ ख ३७५८ को इ.सं. २०२० मा बनेको इन्जिन नम्बर KLHZ415474 चेसिस नम्बर MB1PBEFD0LAKL1567 भएको Ashokleyland बस ।<br>५. प्रदेश १-०१-००१ ख ३७५९ को इ.सं. २०२० मा बनेको इन्जिन नम्बर KLHZ415472, चेसिस नम्बर MB1PBEFD2LAKL1568 भएको Ashokleyland बस । | | | **संस्थागत जमानीकर्ता/सेयरधनी**<br>नामः नेपाल बस टिकट बुकिङ् एण्ड अटो प्रा.लि<br>दर्ता नंः १५०९४९/७२/०७३<br>दर्ता मितिः मिति २०७३/०३/०१<br>रजिष्टर्ड ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं म.न.पा, वडा नम्बर ३५<br>दर्ता भएको कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौ ।<br>अख्तियार प्राप्त प्रतिनिधिः उमेश खड्का<br>ना प्र नं : ४६४७३८२८/२१३९ (महोत्तरी २०५७/११/१४) |
| **संचालक/व्यक्तिगत जमानीकर्ता**<br>नाम : कुसुम लामा<br>बाबु : सर्वजित सिं तामाङ<br>बाजे : फौद सिं तामाङ<br>ना प्र नं : ६४९८/६२०७ (काठमाडौं २०४२/०६/३०)<br>ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. ०२, स्थायी ठेगाना भै हाल सोही स्थानमा बस्ने । | **संचालक/व्यक्तिगत जमानीकर्ता**<br>नाम : सरोज न्यौपाने<br>बाबु : देवी बहादुर न्यौपाने<br>बाजे : काली बहादुर न्यौपाने<br>ना प्र नं : २३०८ (मोरङ २०६२/०१/२१)<br>ठेगाना : मोरङ जिल्ला, राजघाट गा.वि.स., वडा नं. ०२, स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०१, बस्ने । | **संचालक/व्यक्तिगत जमानीकर्ता**<br>नाम : उमेश खड्का<br>बाबु : टेक बहादुर खड्का<br>बाजे : कमल बहादुर खड्का<br>ना प्र नं : ४६४७३८२८/२१३९ (महोत्तरी २०५७/११/१४)<br>ठेगाना : महोत्तरी जिल्ला, खयरमारा गा.वि.स., वडा नं. ०८, स्थायी ठेगाना भै हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०५, बस्ने । | **व्यक्तिगत जमानीकर्ता/सेयरधनी**<br>नाम : प्रेम प्रसाद पाठक<br>बाबु : शिव कुमार पाठक<br>वाजे : गंगाधर पाठक<br>ना प्र नं : ५१५२२५ (झापा २०४६/०३/१३)<br>ठेगाना : झापा जिल्ला, सुरुङ्गा गा.वि.स., वडा नं. ०७, स्थायी ठेगाना भै हाल झापा जिल्ला, कन्काई न.पा., वडा नं. ०३, बस्ने । |

**शर्तहरु**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु. १,०००।- (अक्षेरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पत्तिको मूल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम बाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत (१०%) ले हुने रकम यस बैंकको केन्द्रिय कार्यालयको खाता नम्बर ९२६६०११५२०००२ SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

## सवारी दुर्घटनामा एकै परिवारका तीन घाइते

झापा, माघ १८ । झापाको बाह्रदशीमा भएको सवारी दुर्घटनामा एकै परिवारका तीनजना घाइते भएका छन् ।

आइतवार दिउँसो २ बजे बाह्रदशी २ स्थित हुलाकी राजमार्गमा रामचोकबाट राजगढ बजार दक्षिणतर्फ




जाँदै गरेको मे १ च ३७६६ नं.को सामान बोक्ने छोटा हात्तीलाई सोही दिशातर्फ जाँदै गरेको बीआर ३७ जे ४२८६ नं.को मोटरसाइकलले पछाडिबाट ठक्कर दिएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक शिवसताक्षी ४ बस्ने ४५ वर्षीय मेघराज राजवंशी , पछाडी सवार उनकी श्रीमती ४० वर्षीया नयनसरी राजवंशी र छोरी ७ वर्षीया भावना राजवंशी घाइते भएका हुन् । तीनै जना घाइतेलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको छ । दुबै सवारी साधन र छोटा हात्ती चालक हल्दीबारी २ बस्ने ३८ वर्षीय रुद्रबहादुर वनलाई इलाका प्रहरी कार्यालय राजगढले नियन्त्रणमा लिएको छ ।

# झापामा लागूऔषधसहित तीनजना पक्राउ

झापा, माघ १८ । झापामा लागूऔषधसहित तीनजना पक्राउ परेका छन् ।

शनिवार दिउँसो १ बजे भद्रपुर -४ डाँगीवारीमा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर- ४करेला चोक बस्ने ४८ वर्षीय भवानी लिम्बूलाई नियन्त्रणमा लिएको हो । शंका लागेर चेकजाँच गर्ने क्रममा साइकल चालक लिम्बूले मलद्वाराभित्र प्लाष्टिकको पोका पारी प्लाष्टिकबाहेक ४ग्राम ८१० मिलिग्राम ब्राउनसुगर लुकाएका थिए ।

त्यस्तै शनिवार दिउँसो ४बजे इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट सादा पोशाकमा खटिएको प्रहरी टोलीले मेचीनगर- ६साठीबिघामा भारतको पानीट्यांकी हाँडीगाउँबाट मेची खोलाको बाटो हुँदै आउँदै गरेका बुद्धशान्ती वडा नं. ३ राधा टोल बस्ने २६वर्षीय कविन्द्र बस्नेत र सोही ठाउँ बस्ने २५ वर्षीय श्याम धिमाललाई पक्राउ गरेको हो ।खानतलासी लिने क्रममा बस्नेतले लगाएको जिन्स पाइन्टको गोजीमा प्लाष्टिकबाहेक ६ ग्राम ६५० मिलिग्राम ब्राउनसुगर फेला परेको प्रहरीले जनाएको छ ।

हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सुवास भट्टराई
सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड- ४ , झापा

हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

लवकुमार चौधरी
गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-५, झापा

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# मेला महोत्सवको उद्धेश्य

आयोजक झापा उद्योग वाणिज्य संघले झापा औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सव शुक्रवारदेखि बन्द गरेको छ । भ□पुरको मेची रंगशालामा माघ ७ देखि माघ २२ गतेसम्मका लागि भनेर संचालन गरिएको सो महोत्सव नचलेपछि निर्धारित मितिअगावै बन्द गर्नुपर्‍यो । झापा उद्योग वाणिज्य संघले पत्रकार सम्मेलन गरी जिल्ला प्रहरी कार्यालयमा भर्खरै सरुवा भई आएकी प्रहरी उपरीक्षक बसुन्धरा खड्काले कमाण्ड सम्हालेको दिनदेखि नै प्रशासन र प्रहरीको तर्फबाट यो महोत्सवलाई हेर्ने दृष्टिकोण सकारात्मक नबनेको गुनासो गर्दै सबै दोष प्रहरी प्रशासनमाथि लगाएको छ । महोत्सवले गति लिदै गर्दा , स्टलहरुमा अवलोकनकर्ताको भीड बढ्दै गर्दा, कलाकार हरुको प्रस्तुतिले दर्शकलाई मनोरञ्जन प्रदान गर्दैगर्दा 'समय'को विषयलाई लिएर प्रहरीले साउण्ड सिस्टमको प्लग तानिदिने, पिङमा चढ्दै गरेका सर्वसाधारणलाई झार्ने, आयोजकलाई विभिन्न किसिमका प्रताडना दिनेजस्ता क्रियाकलापका कारण महोत्सवलाई नै सुरक्षा प्रदान गर्नुपर्ने प्रहरी प्रशासनकै त्रासका बीच महोत्सव सञ्चालन गर्न चुनौती देखा परेको संघको आरोप छ । महोत्सवको स्वीकृति पत्रमा जिल्ला प्रशासन कार्यालय झापाले समयको कुनै सीमा तोकेको थिएन । माघ १३ गते आयोजक झापा उद्योग वाणिज्य संघलाई विविध शर्तसहित बेलुकाको ७ बजेसम्म महोत्सव संचालन गर्न पत्र पठाइएको थियो । त्यस विषयमा सार्क चेम्बर अफ कमर्सका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष चण्डीराज ढकालसहित जिल्लाका सबै राजनीतिक दलका जिम्मेवार प्रतिनिधि, उद्योगी व्यवसायीहरुको प्रतिनिधिमण्डलले माघ १४ गते जिल्ला प्रशासन कार्यालयलाई ध्यानाकर्षण पत्रसहित न्यूनतम राति १० बजेसम्म महोत्सव संचालन गर्न दिन माग गरेका थिए । तर प्रशासनले राति ९ बजेसम्म मात्र महोत्सव सञ्चालन गर्न अनुमति दिएको थियो । महोत्सव नचल्दा एक करोडभन्दा बढी घाटा भएको छ । विभिन्न राष्ट्रिय–अन्तर्राष्ट्रिय कलाकारहरुसँग आउने मितिसहित सम्झौता भई सम्झौता रकमसमेत बुझाइसकेको अवस्थामा महोत्सव नै बन्द गर्नुपर्दा आयोजकले ठूलो घाटा व्यहोर्नुपरेको संघले जनाएको छ । उता आयोजक झापा उद्योग वाणिज्य संघले भर्खर सरुवा भएर आएकी प्रहरी उपरीक्षक बसुन्धरा खड्कामाथि दोष लगाइरहँदा उनले प्रहरीले महोत्सव बन्द नगराएको स्पष्ट पारेकी छन् । जिल्ला प्रशासन कार्यालयले अनुमति दिएको समय सीमा राति ९ बजेसम्म महोत्सव संचालन गर्दा आफूहरुले कुनै अप्ठ्यारो नपारेको उनले बताएकी छन् । व्यापार भन्दा पनि जुवाजन्य खेल र कलाकार ल्याएर पैसा कमाउने उद्धेश्य राखेपछि मेला महोत्सवमा लफडा हुने गरेको छ । जुवा र कलाकार भन्दा पनि उद्योग व्यापारलाई बढावा दिनु पर्छ ।




# आसन्न निर्वाचनमा मिडिया



• एकराज पाठक

अघिल्लो अर्थात् २०७९ सालको संसदीय चुनावमा निर्वाचन आयोगलाई मुख्य चुनौती बनेको थियो सामाजिक सञ्जाल । विभिन्न बैठक, अन्तर्क्रियामा आयोगका अधिकारी सामाजिक सञ्जाल बढी असामाजिक बन्दै जाँदा मिथ्या सूचना रोक्न गाह्रो भएको अनुभव राख्ने गर्दथे । त्यसपछि आयोगले एउटा अलग्गै युनिट राखेको थियो सामाजिक सञ्जालको अनुगमन गर्न । मेटा, टिकटकसँग समन्वय र सहकार्य पनि गर्‍यो । जसका कारण अनावश्यक कन्टेन्ट नियन्त्रण एवं स्वनियममा रहुनपर्ने निकायलाई समन्वय गर्न आयोगलाई सहयोग पुग्यो पनि । आचारसंहिता विपरीतका पोष्टमाथि कडाई र कारबाही गर्‍यो अनि त्यो कारबाहीको प्रचार पनि गर्‍यो । त्यसले परि स्थिति सहज बन्दै गएको थियो । त्यसअधिका चुनावका तुलनामा सामाजिक सञ्जालले दुष्प्रचार र मनोगत प्रचार बढाएपछि आयोग सामाजिक सञ्जाल अनुगमनको निष्कर्षमा पुगेको थियो । मिडियाका विकसित आयामहरूको त्यो पछिल्लो र नयाँ चुनौती बनेर चुनावको मुखमा आयोगसामु तेर्सिएको थियो । आयोगको त्यस कार्यलाई नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी संवैधानिक हक हनन भएको रूपमा केही व्याख्या त गरिए तर पनि त्यसले सामाजिक सञ्जालमा चुनावका समयमा हुने गरेका मिथ्या सूचना र द्वेषपूर्ण अभिव्यक्ति रोक्न अवरोध खडा गरेन ।

### एआई र चुनौती

अहिले सामाजिक सञ्जालभन्दा झन् ठुलो चुनौती बनेर आयोगसामु आइलागेको छ एआई । हरेक चुनावमा मिडियाका नयाँ आयाम चुनौती बनेर थपिए जस्तै यो चुनावका अघिल्तिर चुनौतीपूर्ण आयाम बनेर एआई उभिएको छ । बरु अघिल्लो चुनावको चुनौती सामाजिक सञ्जाल 'म्यानुयल' रूपमा मानिसले आफ्नै हातले समय लगाएर उत्पादन गर्दथे कुनै भिडियो, ग्राफिक्स् या ' इलस्ट्रेसन' । यसरी 'म्यानुअल्ली' काम गर्दा मानवीय भावना र सोचविचार जोडिन पनि सक्छ । यो एआई मेसिनसँग मानवीय भावना हुँदैन, छैन । अनि समय पनि लाग्दैन, केही मिनेट या सेकेन्डमै कन्टेन्ट तयार हुन्छ र क्षणभरमै विस्तारित हुन्छ । यो द्रुत सेवाले सामाजिक सञ्जालभरि कल्पना गरेभन्दा धेरै चाँडो र प्रभावशाली रूपमा आफ्नो वर्चस्व छोडिसक्छ ।

अझ अर्को खतरनाक कुरा के छ भने यसले मानिस नै खडा गर्छ र मानिसले जस्तै कुनै भिडियो या स्टोरी बनाउँछ अनि त्यसको लाइक, सेयर, कमेन्ट आदि पनि आफैँ गर्न थाल्छ । पहिले त सामाजिक सञ्जाल मानिसले चलाउँथे र तिनलाई नियन्त्रणको घेराभित्र ल्याउन सजिलो थियो । अहिले त ती सामाजिक सञ्जालसमेत एआईले बनाएको मानिसले नै चलाइदिन्छ । अनि त्यो मानिस कसले र कहाँ बनाउँछ भन्ने कुराको कुनै पत्तोसमेत पाउन सकिँदैन । यी सब काम मानौँ मैले नै गरिरहेको छु, तर म आफैँ थाहा पाउँदिन । यो भन्दा खतरनाक कुरा अर्को के हुन सक्ला ?

त्यो चिज सामाजिक सञ्जालको बजारमा छाइसकेपछि कसले निर्माण गर्‍यो भन्ने कुरा थाहा पाउन सकिँदैन । त्यो कन्टेन्ट कहाँ जेनेरेट अर्थात् निर्माण भयो र कसले गर्‍यो भन्ने कुरा नै थाहा नपाएपछि त्यसमाथि कारबाही गर्न सकिने कुरा पनि भएन । अब सामाजिक सञ्जालमा सेयर गर्ने व्यक्तिलाई मात्र भागीदार बनाउन सकिएला । उसले पनि मैले सामाजिक सञ्जालमै देखेर सेयर गरेको हो, मैले बनाएको होइन भनिदियो भने उसलाई माफी मिनाहा गर्ने बाहेकको अर्को कुनै कानुनी कारबाही पनि देखिँदैन ।

अहिले निर्वाचन आयोगलाई यो प्रमुख चुनौती भएको हुनु पर्छ । सायद उसले एक युनिट बनाएर एआईबारे काम गरिरहेको पनि छ । आयोगले जारी गरेको आचारसंहितामा यस्ता विषयमा उल्लेख पनि गरिएको छ । एआई प्रयोग गरेर भिडियो या सन्देश बनाउँदा सतर्कता अपनाउन भनिएको पनि छ । आयोगले यससम्बन्धी एउटा स्पष्ट नीति नै बनाएको भए बरु त्यसको कार्यान्वयनमा

सजिलो हुने थियो होला । आयोगले एआईको प्रयोगलाई आचारसंहितासँग त जोडेको छ तर यससम्बन्धी अलग्गै नीति भने बनाएको छैन ।

अहिले नै मिडियामा आइरहेका छन् कि हेर्दा चुस्त दुरुस्तै छ र आफ्नै उम्मेदवार बोलिरहेको छ । सन्देश त्यस्तै छन्, बोली उस्तै छ । यसो हेर्दा काठमाडौँकै मानिससमेत झुक्किइरहेका छन् भने सधैँ हातमा मोबाइल खेलाएरै बस्ने गाउँघरतिरका मानिस किन नझुक्किउन् ? मिडिया एवं सोसियल मिडियामा अघिपछिको तुलनामा मिथ्या सूचना र अनर्गल प्रचार बढी नै हुने गरेको निर्वाचनका समयमा यो एआई थपिएपछि त झन् चुनौतीपूर्ण ।

### निर्वाचनमा मिडिया

विसं २०६४ को संविधान सभा निर्वाचनमा प्रायः सबै नेपाली मिडियाले आकलन गरे पहिलो कांग्रेस, दोस्रो एमाले र तेस्रोमा तत्कालीन नेकपा माओवादी । त्यो चुनावमा विदेशी मिडियाको पनि चासो थियो र सबैको आकलन प्रायः यस्तै थियो । अझ कतिले त द्वन्द्वका समयमा भएका ज्यादतीले जनता रुष्ट रहेकाले प्रचण्ड बाबुरामलाई नै जित्न गाह्रो हुनेसमेत बताएका थिए । परिणाम उल्टो आयो, माओवादी पहिलो पार्टी भयो । पछि टिप्पणी पनि भए कि नेपाली मिडिया जनताका मनमा पुग्न सकेनन्, जनताले कसलाई छान्दै छन् भन्ने भेउ नै पाएनन् ।

यस्तै उदाहरण राष्ट्रपति डोनाल्ड ट्रम्पको पहिलो कार्यकालको निर्वाचनमा अमेरिकामा पनि भेटिन्छ । त्यो निर्वाचनमा पनि ट्रम्पले जित्ने आकलन कुनै मिडियाले गरेको थिएन । उनी उम्मेदवार बनेदेखि निर्वाचन जित्ने बेलासम्म नै मिडियाले उनलाई यसरी खेदेका थिए कि उनले निर्वाचन जित्ने कुनै आधार नै छैन । यसरी अमेरिकाका कुनै पनि ठुला मिडियाले आफूलाई जित्छ भन्न नसकेकाले पछि राष्ट्रपति ट्रम्पले अमेरिकी मिडियालाई फेक मिडिया उपाधि पनि दिएका थिए । यो उपाधिप्रति उनको तर्क थियो-जब कुनै मिडियाले जनताको मनमुटुमा पुगेर, जनताका कुरा बुझेर, उनीहरूको भावनालाई मुखरित गरिदिन सक्दैन र सतही बन्छ भने त्यो मिडिया फेक मिडिया हो । पछि परिस्थिति यस्तो बन्यो कि उनले आफ्नो कार्यकालभरि नै अमेरिकी मिडियालाई फेक मिडिया नै भनिरहे ।

चुनाव जित्ने अनुमान मिडियाका लागि चुनौतीपूर्ण काम हो । चुनावका बेलामा जनताको मन छाम्नु उम्मेदवारको भन्दा गाह्रो काम हो मिडियाका लागि । काठमाडौँ महानगरको चुनावमा पनि त्यस्तै भयो । त्यो चुनावमा बालेन्द्र साहको उदयको अनुमान न मिडिया, न त नागरिकले नै गरेका थिए । यसरी हरेक चुनावका आयाम र अवस्था फेरिँदै जान्छन् । पछिल्ला चुनावमा अवस्था यस्तो देखिँदै छ कि जनताले जे भन्छ त्यो गर्दैनन् । दलका, उम्मेदवारका र मिडियाका अघि राखेको अभिमत अनुसार जनताले मत हाल्ने बेलामा नगर्न पनि सक्छन् । नेताले जनतासँग दिनहुँ ढाँट्छन् भने हामीले चुनावका बेलामा ढाँट्न किन नहुने भन्ने मानसिकतामा जनता हुन सक्छन् । त्यसैले मिडियाका अनुमानको सही परिणाम जनताले नदिन पनि सक्छन् ।


कैयौँ देशमा त जनताले आफ्ना उम्मेदवारसँग मिडियामार्फत मात्र भेट्छन् । अमेरिकाको राष्ट्रपतीय निर्वाचनमा पनि यस्तै हुन्छ । मिडिया, मतदाता र उम्मेदवारका बिचमा असन्तुलन आएमा सूचना सही नहुन सक्छ । मिडियाको काम पहरेदारको हो । नागरिकले चुनावको सूचना आफ्ना उम्मेदवारबाट भन्दा बढी मिडियामार्फत नै प्राप्त गर्छन् । उम्मेदवारका योग्यता र योजना तिनका मतदातासमक्ष पुर्‍याउन र जनताका गुनासा र मागलाई उनीहरूका उम्मेदवारसमक्ष पुर्‍याउन सबैभन्दा प्रभावकारी माध्यम नै मिडिया हुन् । त्यसैले पनि निर्वाचन प्रक्रियालाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन मिडिया जत्तिको अरू कोहीले सघाउन सक्दैन । यो तथ्य मिडियाकर्मीले बढी बुझ्न जरुरी छ । त्यसैले भनिन्छ मिडियाको शक्ति उसको व्यावसायिकता र निष्पक्षतामा छ । कुनै एक व्यक्ति या पार्टीमा केन्द्रित भएर उसैले मात्र चुनाव जित्छ भन्ने आशयका समाचार दिनेहरूको बिगबिगी चुनावमा देखा पर्छ । आज हामीले सम्प्रेषण गरिरहेका समाचार फागुनको अन्तिम साता हेरेर, पढेर नागरिकले प्रश्न गर्ने अवस्था आयो भने त्यो मिडिया हाउसको विश्वसनीयतामा सधैँ प्रश्न उठ्ने छ । कुन समाचार प्रभाव र दबाबबाट जन्मिएको छ भन्ने कुराको राम्रो जानकारी अबका पाठकहरूले राख्न थालेका छन् । यो तथ्यको हेक्का अहिलेका सञ्चारकर्मीले राख्नु जरुरी छ । फागुन २१ गते त मतदान मात्र गर्ने हो, चुनाव हिजोआजै भइरहेको छ भन्ने विषयलाई हरेक सञ्चारकर्मीले बुझ्नु जरुरी छ । राज्यको पहरेदारका रूपमा मिडियाले दिन सक्ने सिर्जनात्मक सहयोग र खबरदारी दिने समय अहिले नै हो । यतिखेरका महत्वपूर्ण सूचनाबाट राज्यले पनि आफ्ना कोर्ष करेक्सन गर्न सक्ने सम्भावना रहन्छ । प्रायः झुठको खेती चुनावमै किन बढी फस्टाउने गर्छ भने चुनाव नयाँ सरकार बनाउने प्रक्रिया हो । नेपाल जस्ता तेस्रो विश्वका लागि सरकारको महत्व कति छ भन्ने त हामीले देखे भोगेकै छौँ ।

### मिथ्या सूचनाको बाढी

इन्टरनेट र यसका माध्यमबाट सामाजिक सञ्जालको विकास र विस्तारले सूचना प्रवाहका दायरा र मिडिया व्यापक बनाइदिएको छ । सामाजिक सञ्जाल अहिले यति व्यापक छ कि यसले मिडियाका परम्परागत माध्यमलाई खुम्च्याएर आफ्नै बाटो भएर हिंड्न बाध्य पारेको छ । मानिस अहिले रेडियो, टिभी र पत्रपत्रिका पनि सामाजिक सञ्जालमै हेर्ने र पढ्ने गर्छन् । यसो हुँदा कुसमाचार, द्वेषपूर्ण अभिव्यक्ति, मिथ्या सूचनाको प्रवाह बोक्ने कुरियर पनि सामाजिक सञ्जाल नै बनेको छ । निर्वाचनका समयमा दलका उम्मेदवार र समर्थकले आफ्ना नीति र कार्यक्रमलाई मतदातासम्म पुर्‍याएर उनीहरूलाई आकर्षित गर्न बढी प्रभावकारी र सहज माध्यमको खोजीमा हुन्छन् । त्यसैले यो प्लेटफर्म यस समय पहिलेभन्दा बढी चल्तीमा हुन्छ ।

हुन त मिथ्या सूचना, द्वेषपूर्ण अभिव्यक्तिको प्रवाह सधैँ भइरहेकै हुन्छ तर निर्वाचनका समयमा भने यसको बाढी नै आउने गर्छ । यसले सामान्य मतदातालाई भ्रममा पार्न सघाउँछ । अवस्था यस्तोसम्म आउँछ कि मानिस त्यस्ता मिथ्या समाचारको सिकार भएको थाहै पाउँदैनन् । यसले निर्वाचनको निष्पक्षतामा नै प्रभाव पार्न सक्छ । निर्वाचनका समयमा प्रवाह हुने यस्ता प्रतिशोधी र हिंसात्मक प्रकृतिका मिथ्या सूचनाले देशमा कालान्तरसम्म नै जातीय सद्भाव खलबल्याउने, सामुदायिक सहअस्तित्वमा प्रभाव पार्ने र हिंसात्मक परिस्थितिको सिर्जना गर्न सक्छ । यसले समग्र लोकतन्त्रमाथि नै प्रश्न उठ्न सक्छ । निर्वाचन आयोगले यस्ता सूचनामा शून्य सहनशीलता राख्नु पर्छ । यस्ता सूचनाले निर्वाचनमा पार्न सक्ने चुनौतीलाई ध्यानमा राखी सामाजिक सञ्जालको नियमनमा कडाइ गर्नु पर्छ । गोपबाट

# दमकमा बालेनको उम्मेद्वारी रहस्यमय



• प्रा.डा. बद्रीविशाल पोखरेल

वरिष्ठ लेखक तथा पत्रकार विजय कुमारले 'रास्वपा भर्सेज एमालेः बालेनको चुनौति ओलीलाई' शीर्षकको लेख हालै प्रकाशित भएको रहेछ । त्यस लेखमा विजयले बालेन उर्फ बालेन्द्र शाहको खूबै तारिफ गरेको देखियो । पाठकलाई समेत दिगमिग लाग्ने लेख पढेपछि यसमा प्रतिउत्तर नखाप्दा देशमा नै चरम भ्रम सिर्जना हुने देखियो । सत्य आफैँ स्थापित हुँदैन । यसलाई स्थापित गर्नुपर्छ । भ्रम र फरेबको खेती गरिएको छ भने त्यसको भाँडो तत्काल फोड्नुपर्छ । नत्र त्यसले समय क्रममा भ्रमको शिला तयार गर्छ । असत्य र अतथ्यलाई बारबार प्रचार गरियो र त्यसको प्रतिवाद गरिएन भने त्यसले जनमनमा हत्तपत्त हट्न नसक्ने गम्भीर दुष्प्रभाव पर्छ । एक समय पाठक र श्रोता समाजमा इमान्दार छविको छाप बनाएका कतिपय लेखक स्रष्टाले जे लेखे पनि सहजै पत्याउने खतरा रहन्छ । देशमा उल्टो नदी बग्ने अवस्था आउनेछ । त्यसैले तत्काल त्यस्ता भ्रमलाई तर्क र तथ्यसहित उठ्नै नदिने गरी खण्डन गर्नुपर्छ । सूर्यले छेउकुना खोजीखोजी अन्धकारलाई नासेझैँ विकृत विचार मास्नुपर्छ ।

यस कारण यो आलेख विजय कुमारको हालै प्रकाशित लेखमा केन्द्रित रहेको छ । विजय कुमारले लेखमा बालेनको तारिफमा पक्का पुल बनाउँदै बालेनले चाहेका भए जेनजी आन्दोलनपछि सजिलै उनी प्रधानमन्त्री हुनसक्थे भने । उनले हातमा आएको पद बालेनले लिन चाहेनन् पनि भने । विजयले त बालेनको सचिवालय सदस्यजस्तै भएर बालेनले चाहेका भए उसैदिन प्रधानमन्त्री पद लिन सक्थे पनि भने । अझ अगाडि बढेर विजय कुमार त बालेनले जनताको विश्वास लिएर प्रधानमन्त्री पद लिने भीष्म प्रतिज्ञा गरेको ठोकुवा लेखमा गरे । उनले झापा ५ को निर्वाचन मिनी जनमत संग्रह भन्दा पनि रहेछन् । एउटा क्षेत्रको संसदीय निर्वाचनलाई जनमत संग्रह भन्नु कस्तो लेखाइ हो, अचम्म र उदेक लाग्छ । इटहरीमा मानव अधिकार शान्ति समाज,सुनसरीको आयोजनामा भयरहित स्वच्छ निर्वाचन सम्बन्धी कार्यक्रम भएको थियो । यसका प्रमुख अतिथि मानव अधिकार शान्ति समाजका केन्द्रीय संस्थापक सभापति कृष्ण पहाडी थिए । यस कार्यक्रममा यस निर्वाचनलाई कतै कुनै बहानामा बिथोल्ने नियतले त काम गर्ने छैन ? भन्ने आशंका प्रकट भयो । यसको एक संकेत झापा ५ नं निर्वाचन क्षेत्रमा देखियो । उम्मेदवारी नामाङ्कनकै दिन बालेन पक्षका कार्यकर्ताले ओली र उनका कार्यकर्ता लक्षित गाली गलौजको बर्षा सुरु गरे , गराए । यसरी दमक र अझ झापा बाहिरबाट आयात गरिएका स्वयंसेवकको जत्थाले स्थानीयवासी एमाले पार्टी र जनवर्गीय संगठन लगायत समर्थक समुदायलाई धावा बोलेपछि त्यो सह्य हुने कुरा थिएन । यसले झडपको अवस्था सिर्जना गर्‍यो । यस खालको हेला, होचो र हेपाइ आम दमकबासीलाई गरिएको हो । नेपालको राष्ट्र,राष्ट्रियता,राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता,लोकतन्त्र, गणतन्त्र, जनता र जनजीविका पक्षमा ऐतिहासिक भूमिका नेका र एमाले पार्टीले गरेका छन् । जननायक बीपी कोइराला र जनतन्त्र,जनअधिकार र जनजीविकाका लागि सतिसालझैँ आजीवन अविचल व्यक्तित्व क. पुष्पलाल हुन् । यस खालका अनेक व्यक्तित्व विशेषता र क्षमता उपर्युक्त पार्टीमा थिए र छन् । यस्ता पुराना पार्टी र नेतृत्व जनता सामु परीक्षित भएका हुन् । व्यवहार गरेपछि कुनै पनि पार्टी र नेतृत्वलाई राम्ररी चिन्न सकिन्छ । जुन पार्टी र नेतासित लेनदेन र व्यवहार नै गरिएको छैन अनि कसरी इमान्दार छ भने विश्वास गर्नु ? व्यवहार नै गर्दा पनि एक लाखका विश्वासिलो बन्ने तर करोडको लेनदेन र कारोबारमा बेइमान हुने खतरा हुन्छ । त्यसैले भूतप्रेत भगाइदिन्छु भनेर घण्टशङ्ख बजाउँदै घरदैलो गर्दै सिधा सादा जनतालाई झुक्याउन आउनेका कुरामा विश्वास गर्न सकिन्न । केही वर्ष यिनको चरित्र र चर्तिकता हेरौँ बुझौँ अनि विश्वास गरौँला । जसले देश जनताका हितमा खासै काम गरेकै छैन । त्यसलाई कसरी विश्वास गर्न सकिन्छ ? एमाले र नेका पार्टीको गौरवशाली भूमिका,योगदान,व्यक्तित्व र विशेषता उच्च रहेको छ । राजनीति जेठो नीति हो । यो विचार र आस्थाविहीन हुँदैन । विचार बिनाको पार्टी र संगठन पिँध बिनाको लोहोटा सरह हो । एकाध नेताले कमजोरी र गद्दारी गर्दैमा सोलोडोलो पार्टीलाई पाँडे गाली गर्नु हुन्न । तर मुलुकको जरोकिलो सरह रहेर मुलुकको रक्षाका लागि विगत लामो समयदेखि क्रियाशील प्रमुख पार्टीका विरुद्ध बाह्य षडयन्त्र जारी छ । यसको एक कडी च्याउ सरि राजनीतिमा उदाएका च्याप र झ्याप लगायत पार्टी र नेता हुन् । यिनको दमक प्रवेश अत्यन्त गम्भीर र रहस्यले भरिएको देखिन्छ । एकाध एमाले र नेकाका नगर स्तरका नेतालाई अनेक तरिकाले आकर्षित गरेर खास असर पर्दैन । राम्ररी सम्झाउने र बुझाउने ल्याकत नराख्दा भड्काउ सुरु हुन्छ र भएको हो । राजनीति फुटबल,भलिबल भकुण्डो खेल हो । स्वयं राजनीति खराब होइन , खराब खेलाडीका कारण राजनीतिलाई नै खराव भन्न हुँदैन । यति सामान्य कुरा बुझाउने नेताकै अभाव छ ।

जेनजीका आवरणभित्र देशमा जनधनको सर्वनाश गर्न गराउन उद्यत बालेनको पोल खुलिसकेको छ । पर्दाभित्र बसेर बालेनले विद्यालय र कलेजकै पोसाकमा विद्यार्थीलाई उचाल्ने र उकास्ने र उत्तेजित बनाउने काम गरे , गराए । यद्यपि यस्तो संवेदनशील विषयमा नेपाल सरकारले चरम बेसोमति व्यवहार देखायो । दुई महिनाअघि सुरक्षा संयन्त्रले जानकारी गराउँदा र आफैँले एक दिन अघि जेनजी आन्दोलन हुँदैछ भन्ने कुरा थाहा पाएर पनि ओली सरकार दरबारमा बाँसुरी बजाएर बस्यो । त्यसैले निर्दोष र निरपराध विद्याथीहरु सयौँको संख्यामा मारिनुमा बालेन र सरकार दुबै दोषी र अपराधी हुन् तर यसमा पनि मर्न मार्न उक्साउने बालेन मूल अपराधी हुन् र अझ बालेन अनाहकमा मृत्युवरण गरेका, मृत्यु शैयामा छटपटाएका घाइते भएका निहत्था विद्यार्थीहरुलाई अस्पताल, र घरमा सहानुभूति दिन बालेन गएनन् । हत्या गरिएका बाल बालिकाका परिवारजनलाई समवेदना र सहानुभूति पनि बालेनले प्रकट गरेनन् । यस्तो चरित्र र पात्रलाई सामान्य मानवीय संवेदना नभएको मानिस भनिन्छ । आँखा अगाडि भएको नरसंहार देखेर होसी मानिस दुखी नभई रहन सक्ला र ? यसरी हेर्दा बालेन जस्ता चरित्र क्रिमिनलजस्ता लाग्छन् । प्रधानमन्त्री ओलीले चाहिँ एक महिनापछि मृत्यु भएकाउपर र परिवार जनप्रति समवेदना श्रद्धाञ्जली र सहानुभूति प्रकट गरे । बालेनले यति पनि गरेनन् । सिंहदरबार, सर्वोच्च अदालत जल्दा बालेनले पालिकाको दमकल पठाएनन् । उल्टो ललितपुरका पालिका प्रमुख चिरीबाबु महर्जनले सहज रुपमा दमकल पठाए र आगो निभाउन सकियो । सामान्य विषयमा सिंहदरबार जलाउँछु भन्ने बालेनको कुनियत सिंहदरबार जल्दा कुनै दुःख महसुस नभएको देख्दा दुनियाँलाई थाहा भएकै हो । संसद् विघटन गर्नु पर्छ भनेर उत्तेजित सन्देश प्रवाह गर्ने र सुशीला कार्की र कतिपय मन्त्री आफ्ना सिफारिसमा नियुक्त भएका भनेर बालेनले अहङ्कारपूर्ण उद्घोष गरेका हुन् । यिनका बारेमा विजय कुमारको बालेन आरती लेख सरासर भ्रम र फरेबको पुलिन्दा हो ।

सामान्यतया कसैको पनि अतिप्रशंसा र अतिनिन्दा नगर्नू भनिन्छ । नेपालको राजनीतिमा चार नेताको नाम चर्चामा छ भन्दै विजय कुमारले क्रमशः रवि लामिछाने,बालेन,ओली र गगन थापाको नाम उल्लेख गरेका छन् । उनले रास्वपा र एमाले एकत्रित छन् भन्दै काँग्रेस मानसिक रुपले नै विभाजित छ भनेका छन् । यस पार्टीमा अन्तर्घातको बिरुवा वटबृक्षझैँ देखिने प्रारम्भिक संकेत देखिन थालेको दोबाटे ज्योतिष वाणी वखानेका छन् । अरु पार्टीका बारेमा नानाथरी नौरङ्गी भए नभएको खोट मात्र खोज्ने र देखाउने विजय कुमारको लेख देश र जनताका लागि हितकर छैन । के गगन थापाले पार्टीलाई पुनर्जीवित र पुनः जागृत गरेको विजय कुमारले नदेखेको हो कि देख्न नसकेको हो ? त्यसैले यो भर्जिन लेख किमार्थ होइन । यस लेखमा लेखक विजय कुमारको लेखकीय कौमार्य देखिएन । यसमा गम्भीर आशङ्का उत्पन्न भएको छ ।

❖ बाँकी तेस्रो पृष्ठमा

# भट्टराईलाई कार्यबाहक सभापतिको जिम्मेवारी

दमक । नेपाली कांग्रेस झापाको आइतबार सम्पन्न जिल्ला कार्यसमिति बैठकले पार्टीका उपसभापति शेरबहादुर भट्टराईलाई कार्यबाहक सभापतिको जिम्मेवारी दिएको छ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै पार्टी संगठनलाई मजबुत बनाउने उद्देश्यले उक्त निर्णय गरिएको हो ।

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति विश्वप्रकाश शर्माको विशेष उपस्थितिमा पार्टी झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा सम्पन्न बैठकले निर्वाचन सम्पन्न नहुँदासम्मका लागि भट्टराईलाई कार्यबाहक सभापतिको जिम्मेवारी दिने निर्णय गरेको हो । झापा क्षेत्र नम्बर-४ बाट प्रतिनिधिसभा सदस्यको उम्मेद्वार बनेपछि सभापति थेवे निर्वाचन अभियानमा केन्द्रित हुने भएकाले



संगठनको दैनिक कार्य सञ्चालन सहज बनाउन भट्टराईलाई कार्यबाहक सभापति तोकिएको जिल्ला सदस्य रोशन बिष्टले जानकारी दिए । बैठकमा झापाका अर्का उपसभापति केशबराज पाण्डे पनि झापा क्षेत्र नम्बर-१ बाट प्रतिनिधिसभा सदस्यको उम्मेद्वार बनेको विषयमा समेत छलफल भएको थियो । निर्वाचनको समयमा पार्टीका प्रमुख नेताहरू उम्मेद्वारी प्रक्रियामा व्यस्त हुने भएकाले संगठनलाई सशक्त र एकताबद्ध बनाएर अघि बढाउन कार्यबाहक सभापतिको जिम्मेवारी तोकिएको नेताहरूले बताएका छन् ।

नवनियुक्त कार्यबाहक सभापति शेरबहादुर भट्टराई पार्टीभित्र अनुभवी र संगठनप्रेमी नेताका रूपमा परिचित छन् । उनले नेपाली कांग्रेस दमक नगर सभापति, क्षेत्र नम्बर-५ का क्षेत्रीय सभापति हुँदै महासमिति सदस्यको जिम्मेवारी सम्हालिसकेका छन् । पार्टीको १४औँ महाधिवेशनबाट उपसभापतिमा अत्यधिक मतसहित विजयी भट्टराईले झापामा पार्टी संगठन विस्तार र सुदृढीकरणमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् ।

# इटहरीमा स्वस्थानी पूजाको प्रगतिशील समापन

इटहरी,माघ १८ । ज्येष्ठ नागरिक समाज इटहरी ६ को सभाकक्षमा अर्वाचीन समाज, इटहरीले स्वस्थानी व्रतकथाको समापनका दिन भजन कीर्तन तथा विचार गोष्ठीसहित सम्पन्न गरेको छ । समाजका अध्यक्ष धर्मराज आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रमकी विशेष अतिथि अर्वाचीन समाजकी अध्यक्ष मिथिला पोखरेलले इटहरी गाविस अध्यक्ष प्रमोद श्रेष्ठ र पूर्व नगर प्रमुख सर्वध्वज साँवाको कार्यकालमा स्थापित तथा विकसित ज्येष्ठ नागरिक समाजको सभाकक्षमा प्रगतिशील कार्यक्रम गर्न पाएकामा खुसी व्यक्त गरिन् । उनले स्वस्थानी व्रत कथा पूजाको नालिबेली केलाउँदै नेपाली संस्कृतिभित्र रहेका विकृति हटाउँदै लानु पर्ने बताइन् । उनले उमेरले अत्यन्त जीर्ण र पित्र बुढा पुरुषलाई कलकलाउँदी बैंसालु छोरी र नातिनी विवाह गरिदिने अनि स्वस्थानी समापनको प्रसाद छोरीलाई दिनुभन्दा खोलामा बगाइदिने जस्ता आम महिला जगत्लाई चरम अपमान गर्ने कुरा सरासर गलत हुन् भनिन् । जननेता मदन भण्डारीले यस्ता विषयमा बहुतै ध्यान दिए पनि अहिले पार्टी मात्र होइन, मदन भण्डारी फाउण्डेशनले नै बेवास्ता गर्दा सांस्कृतिक रुपान्तरण सम्बन्धी चेत नै शून्य रहेको मिथिला पोखरेलले बताइन् । कार्यक्रमका प्रमुख अतिथि संस्कृतिविद् प्रा.डा. बद्रीविशाल पोखरेलले हाम्रा पूर्वज र पुर्खाहरुले परिकल्पना,प्रयोग र अभ्यास गरेका संस्कार संस्कृति र परम्पराका सबै सकारको जगेर्ना गर्नु पर्ने बताए । नाकबाट सिँगान आउँछ भनेर नाक काट्ने अपराध गर्नु हुन्न भन्दै परम्परागत संस्कृतिको सारलाई परिष्कृत र परिष्कार परिमार्जन गर्दै समयसापेक्ष बनाउनु पर्ने बताए । ज्येष्ठ नागरिक समाजले सुप्रसिद्ध धार्मिक सामाजिक सुधारक पं. छविलाल पोखरेल, पथिक कवि लक्ष्मी आचार्य र इटहरीका प्रसिद्ध समाजसेवी रामबहादुर ताल्चाभण्डेला जस्ता व्यक्तित्वको सम्झनामा र स्मृति दिवसमा कार्यक्रम आयोजना गर्नाले समाजसेवी भावना विस्तारित हुने उल्लेख गरे । '...स्वस्थानी हाम्रो नेपाली संस्कृति,संस्कृतिमा कहिल्यै नमिसाउ विकृति' शीर्षकको भजनसहित सम्पन्न कार्यक्रममा ज्येष्ठ नागरिक समाज,कोशी प्रदेश अध्यक्ष पुण्यप्रसाद न्यौपाने,समाजकी सचिव रीता श्रेष्ठ, पूर्व सचिव केदार काफ्ले,कुलराज दुलाल,कवि शकुन्तला मञ्जरी,पं बुद्धिसागर दाहाल,कल्पना लुइँटेल आदिले आआफ्ना रचनासहित मन्तव्य व्यक्त गरेका थिए ।

# अध्यक्ष न्यौपानेद्वारा राहत कोषमा ५१ हजार सहयोग

झापा, माघ १७ । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले व्यवसायी सदस्य राहत कोषमा आर्थिक सहयोग प्रदान गरेका छन् ।

उद्योगी-व्यवसायी सदस्यलाई आपतकालीन अवस्थामा सहयोग पुऱ्याउने उद्देश्यले स्थापना गरिएको कोषमा उनले आफ्नो जन्मदिनको अवसर पारेर ५१ हजार रुपैयाँ सहयोग गरेका हुन् ।संघले उद्योगी-व्यवसायीलाई विभिन्न प्रकारका जोखिम र संकटबाट जोगाउन तथा आपतकालीन अवस्थामा तत्काल राहत उपलब्ध गराउने उद्देश्यले व्यवसायी सदस्य राहत कोष स्थापना गरेको छ ।

सो कोषमा अध्यक्ष न्यौपानेले आफू अध्यक्षमा निर्वाचित भएपछि व्यवसायीको हकहित संरक्षण गर्दै आपत-विपतमा परेका सदस्यलाई तत्काल सहयोग पुगोस् भन्ने उद्देश्यले कोष स्थापना गरिएको र सोही अभियानलाई सुदृढ बनाउन आफूले व्यक्तिगत रूपमा योगदान गरेको बताए । उनले व्यवसाय क्षेत्र स्वभावतः जोखिमपूर्ण हुने भएकाले राहत कोषलाई निरन्तर सशक्त बनाउँदै लगिने उल्लेख गरे । 'व्यवसायीहरुलाई समय समयमा विभिन्न किसिमका संकटमा पर्न सक्छन् । त्यस्ता बेला राहत कोषले सदस्यलाई समयमै सहयोग पुऱ्याउने विश्वास लिएका छौँ,' उनले भने, - आगामी दिनमा पनि कोषलाई थप मजबुत बनाउन सहयोग निरन्तर रहनेछ। 'न्यौपानेले व्यवसायीको दुःख-सुखमा संघ सधैँ साथ रहने प्रतिबद्धता व्यक्त गर्दै सबैको सहयोगबाट कोषलाई अझ प्रभावकारी बनाइने बताए । उनले सदस्यको आवश्यकता र अवस्थाअनुसार राहत वितरण प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाइने जानकारी दिए । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष न्यौपानेको अध्यक्षता तथा संघका पूर्व अध्यक्ष एवं संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा बरिष्ठ उपाध्यक्ष तथा व्यवसायी सदस्य राहत कोषका संयोजक राजकुमार घिमिरे 'राजु'ले स्वागत मन्तव्यसहित कोष स्थापनाको उद्देश्यबारे जानकारी दिएका थिए । घिमिरेले एक करोड रुपैयाँको राहत कोष स्थापना गर्ने लक्ष्यसहित अभियान सुरु गरिएको बताए । उनले जन्मदिन, वैवाहिक वर्षगाँठ तथा पितृ स्मरणजस्ता अवसरमा कोषमा सहयोग जुटाउँदै आएको जानकारी दिँदै जुनसुकै सहयोगले कोषलाई जीवन्त बनाउने उल्लेख गरे । व्यवसायीको सहयोगले संकटको घडीमा सदस्यलाई छिटो राहत उपलब्ध गराउन थप ऊर्जा मिलेको उनले बताए । उनले राहत कोषमा सहयोग गर्ने दातालाई सम्मान गर्ने परम्पराले सहयोगीको आत्मबल बढ्ने विश्वास व्यक्त गर्दै कोष सञ्चालनमा पारदर्शिता र उत्तरदायित्वलाई प्राथमिकतामा राखिएको बताए ।

कार्यक्रममा जन्मदिनको अवसरमा सहयोग उपलब्ध गराएका अध्यक्ष न्यौपानेलाई कदरपत्र प्रदान गरिएको थियो । कार्यक्रममा संघका सल्लाहकार तथा झापा गोल्डकपका अध्यक्ष केदार गिरीले न्यौपानेले जन्मदिनको अवसर पारेर राहत कोषमा सहयोग गरेकोमा प्रशंसा व्यक्त गर्दै अन्य व्यवसायीलाई पनि सहयोग अभियानमा जोडिन आग्रह गरे ।प्रमुख अतिथि शिवाकोटीले बिर्तामोड उद्योग वाणिज्य संघले व्यवसायी सदस्य राहत कोष स्थापना गरेर समाजोपयोगी र पुण्य कार्य गरेको टिप्पणी गरे । उनले यस्तो कोषले संकटमा परेका व्यवसायीलाई राहत उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । कार्यक्रमको सञ्चालन संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

# अध्यक्ष पदका उम्मेदवार सिवाकोटीको देश दौडाहा

काठमाण्डौ, माघ १७ । नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ सुधारको एजेन्डासहित केन्द्रीय अध्यक्ष पदका उम्मेदवार मातृका सिवाकोटी यतिबेला देशव्यापी दौडाहामा छन्। महासंघलाई एकताबद्ध, समावेशी र संस्थागत रूपमा सबल बनाउने स्पष्ट दृष्टिकोण बोकेर उनी सातै प्रदेशका जिल्ला-जिल्लामा पुग्दै व्यवसायीहरूसँग प्रत्यक्ष संवाद गरिरहेका छन्।

पुस्तक तथा स्टेशनरी क्षेत्रका उत्पादक, प्रकाशक र खुद्रा व्यवसायीहरूको साझा छाता संगठन महासंघको नेतृत्व अहिलेसम्म सुदूरपश्चिम, बागमती, गण्डकी र लुम्बिनी प्रदेशले गरिसकेको छ। तर कोशी, मधेस र कर्णाली प्रदेश नेतृत्वबाट वञ्चित रहँदा संगठनभित्र क्षेत्रीय असन्तुलन बढ्दै गएको व्यवसायीहरूको बुझाइ छ। यही पृष्ठभूमिमा कोशी प्रदेशका सिवाकोटीको उम्मेदवारीलाई धेरैले संगठन सुधार र क्षेत्रीय न्यायको स्वाभाविक दाबीका रूपमा हेरेका छन्।

हाल महासंघका वरिष्ठ उपाध्यक्ष रहेका सिवाकोटी सातौँ राष्ट्रिय महाधिवेशनमा सर्वाधिक मतसहित निर्वाचित भएका नेता हुन्। संगठनमा लामो समयको निरन्तरता, संघर्ष र लगानी नै उनको बलियो व्यवसायिक ,राजनीतिक पूँजी बनेको व्यवसायीहरूको भनाइ छ। कोशी प्रदेशका निवर्तमान अध्यक्ष जीवन नेपाल भन्छन्, 'संगठनमा निरन्तर योगदान दिनेले नेतृत्व दाबी गर्नु स्वाभाविक हो, सिवाकोटी त्यसको उपयुक्त उदाहरण हुन् ।'

तेह्रथुमको आठराईमा जन्मिएका सिवाकोटी शैक्षिक र व्यावसायिक रूपमा पनि सबल व्यक्तित्व हुन्। जनसंख्या तथा ग्रामीण विकासमा स्नाकोत्तर, व्यवस्थापनमा स्नातक र कानुन व्यवसायीसमेत रहेका उनले



विराटनगरस्थित 'पपुलर ल फर्म' सञ्चालन गर्दै आएका छन्। लेखा, कानुनी प्रक्रिया र संस्थागत व्यवस्थापनमा उनको दख्खल महासंघ सुधारका लागि उपयोगी हुने विश्वास व्यवसायीहरूले गरेका छन्।

२०५४ सालमा 'साई पुस्तक भण्डार'बाट व्यवसाय सुरु गरेका सिवाकोटीले विराटनगरमा 'पपुलर पुस्तक भण्डार'मार्फत सफल खुद्रा व्यवसायिक मोडेल स्थापित गरेका छन्। संगठनात्मक यात्रामा सहसचिवबाट सुरु गरेका उनी केन्द्रीय सदस्य, उपाध्यक्ष हुँदै वरिष्ठ उपाध्यक्षसम्म आइपुगेका छन्। छैठौँ महाधिवेशनमा अध्यक्षमा पराजित भए पनि संगठन नछोडी निरन्तर सक्रिय रहनु उनको नेतृत्व क्षमताको उदाहरण मानिन्छ।

देश दौडाहाका क्रममा सिवाकोटी महासंघभित्र देखिएका भित्री समस्या, अस्वस्थ प्रतिस्पर्धा र निजी स्वार्थका कारण संगठन कमजोर बनेको स्पष्ट रूपमा स्वीकार गर्छन्। अध्यक्ष निर्वाचित भए तीन महिनाभित्रै जिल्ला, प्रदेश र केन्द्रको वैधानिकता समस्या समाधान गर्ने, राज्यको असमान नीतिविरुद्ध संस्थागत लडाइँ लड्ने र दीर्घकालीन नीतिगत सुधारका लागि दबाब सिर्जना गर्ने उनको मुख्य एजेन्डा छ।

महासंघमा आबद्ध करिब १८ हजार र बाहिर रहेका थप १० हजार व्यवसायीलाई समेट्ने लक्ष्यसहित स्थायी कार्यालयका लागि जग्गा खरिद र भवन निर्माण पनि उनको प्राथमिकतामा छ । 'नवौँ महाधिवेशनअघि कम्तीमा एक तलाको भवन निर्माण गर्ने लक्ष्य छ,'उनले आफ्नो योजना सुनाउँदै भने ।

मधेस प्रदेशका व्यवसायी नेता अखिलेस यादवका अनुसार, सिवाकोटीले संगठन सुधारका स्पष्ट तर्क र व्यवहारिक योजनामार्फत महाधिवेशनमा सहभागी प्रतिनिधि र पर्यवेक्षकहरूलाई प्रभावित पारिरहेका छन्।

महासंघको आठौँ राष्ट्रिय महाधिवेशन माघ २३ र २४ गते काठमाडौँको राष्ट्रिय सभागृहमा हुँदैछ। संगठन सुधारको एकल र बलियो आवाजका रूपमा सिवाकोटीको देश दौडाहा अहिले महासंघभित्र चर्चा र अपेक्षाको केन्द्र बनेको छ। विनोद सापकोटाबाट ।

# न्यूटन्स एकेडेमीको वार्षिकोत्सवमा व्यक्तित्व सम्मान

बिर्तामोड ।झापा बिर्तामोड-५ स्थित न्यूटन्स एजुकेशन एकेडेमीले एभिन्युज टेलिभिजनका झापा सम्वाददाता तथा साझा अनलाईन न्युज पोर्टलका सम्पादक सन्तोष न्यौपानेलाई सम्मान गरेको छ । न्यूटन्स एजुकेशन एकेडेमीको २३ औं बार्षिकोत्सवका अवसरमा पत्रकार न्यौपानेले पत्रकारिता क्षेत्रबाट पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै उनलाई दोसल्ला ओढाएर सम्मानपत्रसहित सम्मान गरिएको हो । झापा बिर्तामोडका स्थायीबासी पत्रकार न्यौपाने दुई दशकदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील छन् । पत्रकार न्यौपाने शैक्षिक, आर्थिक, सामाजिक लगायतका बिद्यासहित खोजमुलक रिपोर्टिङमा दख्खल राख्छन् । उनलाई कार्यक्रमका प्रमुख अतिथि मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङ,न्यूटन्स एजुकेशन एकेडेमीका प्रिन्सिपल देवेन्द्र हुमागाईलगायतले सम्मान गरेका थिए ।साथै कार्यक्रममा शिक्षासेवी, विद्यार्थी, अभिभावक, शिक्षकलाई पनि सम्मान गरिएको छ ।

न्यूटन्स एजुकेशन एकेडेमीका प्रिन्सिपल देवेन्द्र हुमागाई, उत्कृष्ट शिक्षक केवल सापकोटा, नोयल परेरा, उत्कृष्ट अभिभावक मदनगोपाल सुब्बा, मेनुका ओली लोहनीलाई सम्मान गरिएको थियो । त्यस्तै शिक्षासेवीका रुपमा गौतम

अतिथि गुरुङ, विद्यालयका सञ्चालक आशिष प्रसाई, विद्यालय ब्यवस्थापन समितिका अध्यक्षलगायतले उनीहरुलाई सम्मान गरेका थिए ।

विद्यालय ब्यवस्थापन समितिका



शर्मा शिवाकोटीलाई अभिनन्दन गरिएको थियो ।यसैगरी उत्कृष्ट अंक ल्याउने सावित्रा न्यौपाने, श्रीयसी कार्की, संस्कार भट्टराईलाई समेत नगदसहित सम्मान गरिएको थियो । कार्यक्रमका प्रमुख

कार्यबाहक अध्यक्ष गोपीकृष्ण प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा विद्यार्थी अनन्य खरेलले स्वागत गीत प्रस्तुत गरेका थिए । सोही कार्यक्रमकाबिच न्यूटन्स एकेडेमीले झापा गोल्डकपलाई एक लाख रुपैयाँ सहयोग हस्तान्तरण गरेको थियो । त्यस्तै सरस्वती मावि, कनकाई आदर्श बिद्या मन्दिर घैलाडुब्बा र आठराईको विद्यालयलाई जनही ३ लाख १० रुपैयाँको अक्षयकोष र बिर्तामोडको मदरसा तालिमूल कुरान विद्यालयलाई ५० हजार सहयोग गरेको थियो ।कार्यक्रममा विद्यालयको गतिविधिका बिषयमा प्रिन्सिपल देवेन्द्र हुमागाईले प्रकाश पारेका थिए । कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेषराज भण्डारी (प्रशान्त), नेपाल अलैंची व्यवसायी महासंघका निवर्तमान अध्यक्ष निर्मल भट्टराई, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलगायत शिक्षासेवी, अभिभावक, समाजसेवीलगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी लीला अनमोल र शिक्षिका पवित्रा पौडेलले संयुक्तरुपमा गरेका थिए । कार्यक्रममा विद्यार्थीहरुले नृत्य, गायन, गजल र नाटक प्रस्तुत गरेका थिए ।

## दमकमा...

बालेनले महानगर प्रमुख हुँदा गरेका बाचाहरु कुनै पूरा गरेनन् । वरिष्ठ पत्रकार टङ्क दाहालका अनुसार प्लास्टिक मिश्रित अलकत्राबाट सडक पिच गर्ने, फोहरबाट अर्गानिक मल तयार पार्ने र त्यसको उपयोग गरेर व्यापक रुपमा तरकारी उत्पादन गरी नेपालमा मात्र होइन विश्व बजारमा निर्यात गर्ने, काठमाडौँको ट्राफिक अस्तव्यस्ततालाई चुड्कीको भरमा समाधान गर्ने ,सुरक्षा व्यवस्थामा पूरै सुधार गरी काठमाडौँमा रातदिन व्यवसाय सञ्चालन गर्न र आउजाउ गर्न पाइने,स्कूल, कलेज र कार्यालय सञ्चालनको समय अरु व्यवस्थित गर्ने आदि बाचा गरेका काम बालेनले गर्दै गरेनन् । अनि यस्ता पात्रका बारेमा विजय कुमार किन मौलिक लेख भनेर प्रचार गर्छन् । अरु प्रमुख पार्टीका सकार केही नदेख्नु अनि बालेनको आरती उतार्नुको रहस्य खोज्नु र खोतल्नु पर्ने देखिन्छ । के विजय कुमारले सुप्रसिद्ध तथा प्रकाण्ड लेखक सौरभले बालेनलाई लुसिफर नामको मानपदबी दिएको पनि सुनेनछन् कि सुन्न चाहेनन् ?

(इटहरी निवासी लेखक वरिष्ठ साहित्यकार,लेखक तथा बुद्धिजीवी हुन् । )

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ